**देवचुली नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ७** **सख्या: २**

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८२/०४/०१

प्रमाणिकरण मिति २०८२।०३।२२

स्वीकृत मिति २०८२।०३।०९

## भाग १

## विनियोजन ऐन, २०८२

**प्रस्तावना :**

देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उपधारा (२) बमोजिम देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को नगर सभामा बाट यो ऐन जारी गरिएको छ।

**संक्षिप्त नाम र प्रारम्भ :**

१) यस विधेयकनको नाम **"देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनियोजन ऐन, २०८२"** रहेको छ। यो ऐन २०८२ साउन १ गते बाट लागु हुनेछ।

देवचुली नगरपालिका राजपत्र

**२)** **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

आर्थिक वर्ष २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम कुल रु ८८,५४,५९,५४३।- (अठासी करोड चौवन्न लाख उन्नसाठी हजार पाँच सय त्रिचालिस मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३)** **विनियोजन :** (१) यस विधेयक द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त देवचुली नगरपालिका, नवलपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । यस ऐन द्वारा संचित कोषबाट खर्च गर्न प्रपेक्षित आयको व्यय विवरण अनुसुचि १ र राजस्व तथा अनुदान प्राप्ति रकमको विवरण अनुसुचि २ मा राखिएको छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र